नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर

# कक्षा ११ को ग्रेड वृद्धि (पूरक) परीक्षाको समय तालिका

राष्ट्रिय परीक्षा बोर्ड, **परीक्षा नियन्त्रण कार्यालय**, सानोठिमी, भक्तपुरद्वारा सञ्चालन गरिने वि.सं. **२०७६** सालको कक्षा ११ को ग्रेड वृद्धि (पूरक) परीक्षामा सम्मिलित हुन पाउने परीक्षार्थीहरूको ग्रेड वृद्धि परीक्षा निम्नलिखित कार्यक्रम अनुसार सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा समय: बिहान ११:०० बजेदेखि २:०० बजेसम्म**

| क्र.सं. | मिति | विषय |
|---|---|---|
| १. | २०७६ कार्तिक ३० गते शनिबार | ➢ अनिवार्य अङ्ग्रेजी (००२)<br>➢ एक विषयमा मात्र परीक्षा दिने परीक्षार्थीहरूको सबै विषय<br>➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरुका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको सानो कोड नम्बर भएको विषय |
| २. | २०७६ साल मंसिर १ गते आईतबार | ➢ दुई विषयमा परीक्षा दिने परीक्षार्थीहरूका लागि आफूले परीक्षा दिने विषयहरू मध्येको ठूलो कोड नम्बर भएको विषय |

**द्रष्टव्य**

- ग्रेड वृद्धि (पूरक) परीक्षा दुई दिन मात्र सञ्चालन हुने छ । एक विषयको मात्र ग्रेड वृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीले जुनसुकै विषय भए पनि परीक्षा सञ्चालन भएको पहिलो दिनमै ग्रेड वृद्धि परीक्षामा सहभागी हुनुपर्ने छ ।
- अनिवार्य अङ्ग्रेजी (००२) विषयमा ग्रेड वृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको परीक्षा पहिलो दिन मात्र सञ्चालन हुनेछ ।
- दुई विषयमा परीक्षा दिने परीक्षार्थीले आफूले परीक्षा दिने सानो कोड नम्बर भएको विषयमा पहिलो दिन र ठूलो कोड नम्बर भएको विषयमा दोस्रो दिनको परीक्षामा सहभागी हुनु पर्नेछ ।
- तोकिएको परीक्षा कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि पुन: अर्को व्यवस्था गरिने छैन ।
- कुनै आकस्मिक बिदा पर्न गएमा समेत परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचना बिना परीक्षा स्थगित गरिने छैन ।
- परीक्षाका लागि चाहिने ग्राफ पेपर, चार्ट, लगटेवल, गोश्वारा भौचर आदि जस्ता सामग्रीहरू परीक्षार्थी स्वयम्ले ल्याउनुपर्नेछ ।
- Biology विषयको परीक्षा दिने परीक्षार्थीहरूले Botany र Zoology विषयको लागि छुट्टाछुट्टै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ ।
- परीक्षामा मोबाइल फोन, स्मार्ट घडी, ब्लुटुथ उपकरण लगायत अन्य इलेक्ट्रोनिक्स डिभाईस लैजान निषेध गरिएको छ ।
- तोकिएको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनु पर्नेछ । केन्द्र परिवर्तन गर्न पाइने छैन ।
- परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

**- परीक्षा नियन्त्रक**
**मिति : २०७६/०६/०७**